- **CM Siliguri**

सिलगढ़ीमा आज सिक्किमका मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको अध्यक्षतामा एउटा ऐतिहासिक समन्वय बैठक सम्पन्न भयो। यो समन्वय बैठक सिक्किमका बाह्रवटा समुदायहरू र पश्चिम बंगालका एघारवटा समुदायहरूको जनजातीय दर्जाका लागि लामो समयदेखि उठ्दै आएको मागलाई सम्बोधन गर्न आयोजित गरिएको थियो।

यसअघि भारतका महापञ्जीयकारबाट जनजातीय दर्जाको प्रस्ताव अस्वीकार भएपछि दुवै राज्यका नेताहरू यस विषयमा नयाँ रणनीति तयार पारेर केन्द्र सरकारबाट पुनः आधिकारिक मान्यता प्राप्त गर्न प्रयासरत छन्।

बैठकमा यी समुदायहरूले लामो समयदेखि झेल्नुपरेका चुनौतीहरू र अधिकारहरूलाई सुनिश्चित गर्ने उपायहरूमाथि गहन छलफल भयो। यस बैठकले सिक्किम र पश्चिम बंगाल दुवैका बाह्र जनजातिलाई अनुसूचित जनजातिको सूचीमा समावेश गर्न ठोस कदम चाल्न दुवै क्षेत्रका प्रतिनिधिहरुलाई समावेश गरेर समिति गठन गरी यो पहललाई अघि बढाउने जानकारी प्राप्त भएको छ।

बैठकमा मुख्यमन्त्रीको साथमा लोकसभा सांसद श्री इन्द्रहाङ सुब्बा, राज्यसभा सांसद श्री दोर्छी छिरिङ लेप्चा, दार्जीलिङका लोकसभा सांसद श्री राजु बिष्ट, दार्जीलिङका विधायक श्री निरज जिम्बा र कालचिनीका विधायक श्री बिशाल लामासहित दुवै राज्यका मन्त्रीगण, विधायकगण अनि बाह्र समुदायका प्रतिनिधिहरू उपस्थित थिए।

---------------------------------------X---------------------------------------

- **BBBP Awareness**

मंगन जिल्लाको सिंहिक माध्यमिक विद्यालयमा अन्तरराष्ट्रिय बालिका दिवसको अवसरमा आज बेटी बचाओ बेटी पड़ाओको ब्यानरमा जनजागरूकतामूलक कार्यक्रम पालन गरियो। किशोरीहरूलाई केन्द्र गरेर आयोजित यस कार्यक्रममा मंगन जिल्लाका बाल विकास सुरक्षा अधिकारीले उपस्थित सबैलाई मासिक धर्मको स्वच्छता र यौन अपराधबाट बालिकाहरूको सुरक्षा (पोकसो) ऐन अनि One Stop Centre जस्ता विषयको महत्त्वमाथि जागरूक गराउनुभयो। कार्यक्रममा सम्पन्न हाजिरीजवाफ प्रतियोगिताका विजेतालाई पुरस्कार प्रदान गरियो।

यो कार्यक्रम आज पाकिम जिल्लाको ठेकाबुङ पारखास्थित एकलव्य आधुनिक आवासीय विद्यालयमा पनि पालन गरियो।

सामाजिक कल्याण निरीक्षक श्री कर्मा नवाङ सेङ्गाले बालिकाहरूको सुरक्षाको महत्त्वमाथि जोड़ दिँदै किन र कसरी बेटी बचाओ बेटी पड़ाओ योजना शुरूवात गरियो भन्ने विषयमाथि प्रकाश पार्नुभयो।

सोरेङ जिल्लाको मंगलबारिया प्राथमिक स्वास्थ्य केन्द्रमा हिजो सम्पन्न यस कार्यक्रममा सोरेङकी बाल विकास सुरक्षा अधिकारी श्रीमती गौरी तामाङको विशेष उपस्थिति थियो।

यस अवसरमा सुश्री नुतन लेप्चाले बालबालिका Helpline 1098, महिला Help Line 181 र महिलाहरूको सशक्तिकरणका लागि केन्द्रको बारेमा अवगत गराउनुभयो।

---------------------------------------X---------------------------------------

- **Jaishankar KEC**

विदेश मन्त्री डाक्टर सुब्रमण्यम जयशंकरले भन्नुभयो, QUAD-ले संस्थागत सहयोगका सबै परम्परागत मोडलहरूलाई अस्वीकार गर्दछ र यो यस कारणले धेरै नवीन भएको छ। नयाँ दिल्लीमा तेस्रो कौटिल्य आर्थिक सम्मेलनमा एउटा संवादमा उहाँले भन्नुभयो, क्वाड केवल सदस्यहरूको स्वतन्त्रता र सुरक्षाको रक्षाको उद्देश्यका लागि बनिएको संगठन भएका कारण यो लाभदायक छ। डाक्टर जयशंकरले भन्नुभयो, यो हिन्द-प्रशान्त क्षेत्रका प्रमुख तन्त्रहरूमध्ये एउटा हो।

विदेश मन्त्रीले भारत सबै प्रमुख देशहरूसित जोड़िएका करण यसलाई वैश्विक राजनीतिप्रति अधिक जिम्मेवारीको भावना भएको देशका रूपमा हेरिनु महत्त्वपूर्ण विषय हो भन्ने कुरामाथि जोड़ दिनुभयो। उहाँले यस कुरामाथि जोड़ दिनुभयो कि आजको समयमा, जुन देशले रूपान्तरण ल्याउन सक्छ त्यसले यस्तो गर्ने प्रयास गर्नुपर्छ। विश्वमा आउने समस्यामाथि डाक्टर जयशंकरले भन्नुभयो, यो स्पष्ट छ कि वैश्वीकरणको स्तर यस्तो अवस्थामा पुगेको छ, जहाँ कुनै पनि गम्भीर मुद्दालाई कुनै पनि क्षेत्रमा शामेल गर्न कठिन छ।

---------------------------------------X---------------------------------------

- **PCS Distributes Book**

प्रेस क्लब अफ सिक्किमले हिजो राजधानी नजिक रोङ्ग्येकस्थित राज्य केन्द्रिय जेललाई पुस्तकहरू प्रदान गरेको छ। प्रेस क्लबले दिएको जानकारीअनुसार सिक्किमका पूर्व मुख्यमन्त्री स्वर्गीय नरबहादुर भण्डारीको चौरासीयौं जन्म जयन्तीको अवसर पारेर पुस्तकहरू प्रदान गरिएको हो।

क्लबका अध्यक्ष श्री भीम राउतले अगुवाई गर्नुभएको टोलीमा कार्यकारी सदस्यहरूसहित सूचना एवं जनसम्पर्क विभागका अधिकारी सहभागी बने। प्रेस क्लब अफ सिक्किमले वर्ष 2007-को पन्द्र अगस्तमा यहाँ पुस्तकालयको स्थापना गरेको थियो।

यससितै क्लबले नेपाली साहित्य परिषद, निर्माण प्रकाशन, परि प्रकाशन र जनपक्ष प्रकाशनले प्रदान गरेका थप दुईसयवटा पुस्तक पनि जेलको पुस्तकालयमा पुऱ्याएको छ।

अध्यक्ष श्री राउतले यहाँ पुस्तकालयको स्थापना गरेपछि धेरै योगदान दिन नसकेको बताउँदै पुस्तकालयलाई अद्यावधिक गर्ने उद्देश्यले प्रेस क्लबले पुस्तकहरू प्रदान गरेको जनाउनुभयो।

सब जेलर श्री तेन छिरिङ लेप्चाले पुस्तकहरू प्रदान गरेकोमा प्रेस क्लबप्रति कृतज्ञता व्यक्त गर्नुभयो अनि भन्नुभयो, राज्य केन्द्रिय जेलको निम्ति यी पुस्तकहरू लाभदायक बन्नेछन्।

---------------------------------------X---------------------------------------

- **IMD Rain**

पूर्वोत्तर र दक्षिणी प्रायद्वीपीय भागहरूमा आज हल्का वर्षा हुने अनुमान छ। मौसम विभागअनुसार, अहिले उत्तर-पश्चिमी, मध्यवर्ती र पश्चिमी क्षेत्रहरूमा वर्षा हुने सम्भावना छैन। अरुणाचल प्रदेश, असम, मेघालय, तमिलनाडु, पुडुचेरी, कराईकल, केरल, माहे, रायलसीमा, कर्नाटकको तटवर्ती र दक्षिणी भित्री भागहरूमा आगामी दुईदेखि तीन दिनसम्म छुट्टाछुट्टै स्थानमा भारी वर्षा हुनसक्नेछ। पश्चिम बंगाल, सिक्किम, बिहार, झारखण्ड, कोंकण, गोवा, मराठवाड़ा, तमिलनाडु र पुडुचेरीका केही स्थानहरूमा आज चट्याङसहित पानी पर्ने सम्भावना छ।

---------------------------------------X---------------------------------------